नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरूको सन्दर्भमा अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ७०,१४९ थान मेडिकल उपकरणहरू लगायतका औषधीहरू पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्था रहेको छ। अत्यावश्यक दैनिक उपभोग्य वस्तुको आपूर्ति नियमित भइरहेको साथै मौज्दात पर्याप्त रहेको छ। संयुक्त बजार अनुगमन टोलीबाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनको क्रममा खाद्यान्न, स्वास्थ्य सामग्री र अन्य गरी तीन वटा पसलको अनुगमन गरिएको छ।

गृह मन्त्रालयका अनुसार आषाढ ३० गते देशभरका विभिन्न सीमानाकाहरूबाट ३,३९९ नेपाली नागरिकहरूले नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चितता र नियम पालनाका लागि स्थानीय प्रशासनको अगुवाईमा सम्बन्धित स्थानीय तहहरूले क्वारेन्टिन स्थलको नियमित अनुगमन गरिरहेका छन्। देशका अधिकांश स्थानमा स्थानीय तहहरूले आईसोलेसन सेन्टरको व्यवस्थापन गरिरहेका छन्। विगत २४ घण्टामा ३२ सवारीसाधन र मास्क नलगाई हिंडडुल गर्ने २८० व्यक्तिलाई कारवाही गरिएको छ।

२०७८/०३/३१

(किरणराज शर्मा)
सहसचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np